# भाग ४

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले जिल्ला कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी श्री धनबहादुर बस्नेत जिल्ला कार्यालय रोल्पाको प्र.जि.अ. पदमा काज खटिनु भएकोले अर्को व्यवस्था नभएसम्म नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सोही कार्यालयका वरिष्ठ प्रशासकीय अधिकृत श्री निरञ्जन बराललाई मिति २०४७।३।१४ को निर्णयानुसार का.मु. मुकरर गरेको छ।

### सूचना २

श्री ५ को सरकारको मिति २०४७।३।१५ को निर्णयानुसार जिल्ला कार्यालय इलामका वरिष्ठ प्रशासकीय अधिकृत श्री ईश्वरीप्रसाद शर्मालाई सहायक निर्देशक केन्द्रीय सेवा विभागमा सरुवा गरेको छ।

### सूचना ३

श्री ५ को सरकारले जिल्ला कार्यालय बाग्लुङका प्र.जि.अ. श्री कौशलदेव जोशी मिति २०४७।३।२ देखि घरबिदामा बस्ने भएकोले बिदाबाट फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी उक्त कार्यालयको प्र.जि.अ. पदमा सोही कार्यालयका प्रशासकीय अधिकृत श्री सूर्यनाथ कोइरालालाई सोही मितिदेखि लागू हुने गरी मिति २०४७।२।३१ को निर्णयानुसार का.मु. मुकरर गरेको छ।

आज्ञाले,
शिवप्रसाद आचार्य
सह-सचिव

८३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।